त्रिभुवन विश्वविद्यालय
नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

मिति :- २०८०/०३/१५

पत्र संख्याः .............
च.नं.: .................

## छात्रवृत्ति तथा पुरस्कार छनौट उपर परेको दावि विरोध सम्बन्धी सूचना

यस क्याम्पसको ६९ औं वार्षिकोत्सवको अवसरमा वितरण गरिने यस क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि स्थापना भएका **श्री नारायण प्रसाद देवकोटा छात्रवृत्ति-२०५५, शान्ता थपलिया पारिवारिक कानून पुरस्कार- २०६१, डा. शकुन्तला उप्रेती छात्रवृत्ति-२०६७, विजयालक्ष्मी छात्रवृत्ति-२०७४ र मकसुदन चौधरी मेमेरियल पुरस्कार- २०७५** समेतका छात्रवृत्ति तथा पुरस्कारका लागि छनौट भएका निवेदकहरुमाथि कसैको कुनै दावि विरोध भएमा मिति २०८०/०३/१५ गते दिउँसो ३:०० बजेभित्रमा आ-आफ्नो दावि पुष्टि गर्ने आधार प्रमाण सहितको कागजात राखी यस क्याम्पसको परीक्षा शाखामा निवेदन दिन हुन मिति २०८०/०३/१४ गते सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम निर्धारित अवधिमा **श्री नारायण प्रसाद देवकोटा छात्रवृत्ति- २०५५ (एलएल.एम. तहमा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थी)** र **डा. शकुन्तला उप्रेती छात्रवृत्ति-२०६७ (एलएल.एम अन्तर्राष्ट्रिय कानून विषयमा सर्वोत्कृष्ट अङ्क प्राप्त गरेकी छात्रा)** तर्फको छात्रवृत्तिमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत तीन वर्षे(छ सिमेष्टर) एलएल.एम. तहमा शैक्षिक सत्र ०७५ मा भर्ना भई सन् २०२२ मा उत्तीर्ण गरेकी सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिका वडा नं. ११ निवासी लोकबहादुर हमालकी छोरी सुरूची हमालले छात्रवृत्ति प्राप्त गर्नका लागि दुवै छात्रवृत्तिमा दावि गरेको निवेदन उपर छानविन गर्दा उक्त छात्रवृत्तिहरु स्थापना हुँदा तीन वर्षे एलएल.एम. कार्यक्रम सञ्चालनमा नरहेको र सिमेष्टर प्रणालीमा अन्तर्राष्ट्रिय कानून विषय एक भन्दा बढी सिमेष्टरमा पठनपाठन भएको कारण कुन सिमेष्टरमा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई छात्रवृत्ति दिने हो सो सम्बन्धमा स्पष्ट नीति नभएको हुँदा सो विषयमा नीतिगत स्पष्टता आवश्यक भएकोले दातासँग छलफल गरी नीतिगत स्पष्टता भएमा उक्त छात्रवृत्तिहरु प्रदान गर्ने गरी हाललाई तीन वर्षे (छ सिमेष्टर) एलएल.एम.तह उत्तीर्ण गर्ने विद्यार्थीको हकमा छात्रवृत्ति प्रदान गर्न नमिल्ने छात्रवृत्ति छनौट तथा वितरण समितिको मिति २०८०/०३/१५ गतेको निर्णय अनुसार निवेदक सुरूची हमालको निवेदन अनुसार निजलाई छात्रवृत्ति प्रदान गर्न नमिल्ने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८०/०३/१५

............................
डा. नेवल चौधरी
विद्यार्थी कल्याण प्रमुख